# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७९

## कमलबजार नगरपालिका

### अछाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.४०४

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
कमलबजार नगरपालिका,
कमलबजार ।

**कैफियत सहितको राय**

हामीले **कमलबजार नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ३ लाख १४ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।८।१ मा प्राप्त प्रतिक्रियाबाट रु.८२ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.५० लाख १५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९६ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.५३ लाख ७७ हजार, र पेस्की बाँकी रु.२ लाख रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड ७२ लाख ८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड १९ लाख २ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# कमलबजार नगरपालिका, अछाम

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ५४ | २०३१४ | ० | १ | ८२ | ३८ | ५३ | २०२३२ | ५०१५ | ५३७७ | ९६४० | ० | ० | १५०१७ | २०० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७७२०८ | ० | १५५३८ | ६१६७० | ० | २०२३२ | ८१९०२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कमलबजार नगरपालिका, अछाम , कमलबजार नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | khadga bahadur bista | २०७४-१-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | sarad prasad dhungana | २०७४-१-२७ | |
| | | **बेरुजु रकम** | २०,२३१,६६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,३७,०४,४६२.२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,४८,७०,३५१.९५ | **चालु खर्च** | ४१,११,४९,२६४.६२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,३६,३४,००० | **पूँजीगत खर्च** | २१,५०,२९,१११.११ |
| **राजश्व बाँडफाँट** | ६,७८,३७,२४९.३५ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ४२,१६,०१२ | | |
| **अन्य आय** | २,७२,७९,२५१.०५ | | |
| **कुल आय** | ६४,७८,३६,८६४.३५ | **कुल खर्च** | ६२,६१,७८,३७५.७३ |
| **बाँकी मौज्दात** | | ४,५३,६२,९५०.८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १२०.७८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०४०० जनसंख्या रहेको छ ।<br><br>**लेखापरीक्षणको क्रममा दाखिलाः** लेखापरीक्षणको क्रममा संघिय संचित कोष फिर्ता गर्नुपर्ने रकम रु.३८७९७२५.७८, प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने रु.१०८३४६४.०० र कर कट्टी रकम दाखिला गर्नुपर्ने रु.८१६००.०० समेत रु.५०४४७८९.७८ दाखिला भएको छ ।<br><br>**<u>वित्तीय विवरण विश्लेषण</u>**<br>**१. वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.५३५२६८९.०० ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **जिम्मेवारी फरक परेकोः**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। यस नगरपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा विविध खर्च खातामा रु.९६६१५.८० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१६०९१०.०० जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६४२९४.२० बढी जिम्मेवारी सरेको सम्बन्धमा वित्तिय विवरणमा खुलास गरेको पाइएन । | |
| ३ | | | **बैक हिसाब मिलान नगरेकोः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | राजश्व वांडफांड | ० | ३०२०७६३.९० | ३०२०७६३.९० |
| २ | चालुखाता जोर वर्ष | ० | १८४६४७९३.३३ | १८४६४७९३.३३ |
| ३ | पूंजीगत खाता जोर वर्ष | ० | ६०६५१३१.६६ | ६०६५१३१.६६ |
| ४ | संचित कोष | ३६६९००२५.७६ | ३६६९००२५.७६ | ० |
| ५ | प्रकोप व्यवस्थापन कोष | १३५७८७५.८४ | १३५७८७५.८४ | ० |
| ६ | विविध खर्च खाता | ६९५८१०.१० | ६९५८१०.१० | ० |
| ७ | धरौटी खाता | ५०६१६३८.७९ | ५०६१६३८.७९ | ० |
| ८ | कर्मचारी कल्याणकोष | १५५७६००.०० | १५५७६००.०० | ० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• नगरपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.१८४८४७९३.३३ र पुजीगत खर्च खातामा रु.६०८५१३१.६६ समेत गरी रु.२४५६९९२४.९९ मौज्दात रहेको पाईयो ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• नगरपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी ETDS समेत गरेको पाइएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २३ र प्रशासनिकतर्फ ४१ समेत ६४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमश: १२ र २९ समेत ४१ पदपूर्ती भएको विवरण प्राप्त भएको छ । प्रमुख प्रशासकिय अधिकृत लगायत २३ पद रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस नगरपालिकाले हालसम्म १९ ऐन, १ नियमावली, ३१ कार्यविधि तथा निर्देशिका समेत ५१ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाका नगर उप-प्रमुख श्रीभूमीशरण ढकाल वजगाईले आर्थिक वर्ष २०७७।७८ को लागी २०७७।३।११ मा रु.४३ करोड ६९ लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६ | | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु.९० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम नगर कार्यपालिकाको पटक पटकको निर्णयवाट रु.८८ लाख ९९ हजार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>

**चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>पूंजीगत खर्च तर्फ</td><td>१७२१०७</td><td>१३३४९</td><td>१३९१८</td><td>१४४८४०</td><td>११८९५२</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>७.७६</td><td>८.०८</td><td>८४.१६</td><td>६९.१२</td></tr>
</table>

नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु.१४ करोड ४८ लाख ४० हजार अर्थात कूल पूंजीगत खर्चको ८४.१६ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूंजीगत खर्चको ६९.१२ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकाश निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **क्षेत्रगत बजेट र खर्चः**<br>स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।<br>(रु.हजारमा)<br><table><tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr><tr><td>आर्थिक विकास</td><td>१८८३४</td><td>१५५५९</td><td>८२.६१</td></tr><tr><td>सामाजिक क्षेत्र</td><td>३५०७३२</td><td>३२१९०८</td><td>९१.७८</td></tr><tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>६१२१७</td><td>५०६२९</td><td>८२.७</td></tr><tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>१५८००</td><td>१२३५५</td><td>७८.१९</td></tr><tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>१०५०१</td><td>९३९१</td><td>८९.४३</td></tr><tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७८७९३</td><td>५५५८२</td><td>७०.५४</td></tr></table><br>नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४७०१३७५.५५ राजस्व बाँडफाँड र अनुदानबाट रु.६४७३६५५४८.८० समेत रु.६५२०६६८६४.३५ आम्दानी भएकोमा चालु तर्फ रु.३८५०४४४९१.८३ र पूँजिगत तर्फ रु.२१५०२९११०.५१ समेत रु.६०००७३६०२.३४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.११०१२५००.०० खर्च भएको छ जुन आन्तरिक आयको २३४.२३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.४७ प्रतिशत चालु र ३३.२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ५७ जना कर्मचारीहरु करारमा राखी रु.१३८१८०००.०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले माथि उल्लेखित पद वाहेकको सहायक कम्प्यूटर अप्रेटर पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु.२३४०००००.०० भुक्तानी गरेको नियमसम्मत देखिएन । | |
| १० | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझैकर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीयतहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | |
| ११ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको ० गरी कुल २० विवाद दर्ता भएकोमा २० वटा फछ्यौंट भई बाँकी देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १२ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीयतहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १३ | | | **विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३३६०००.९९ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १४ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस नगरपालिकाले यो वर्ष ३५ व्यक्ति एवं संघ संस्थालाई रु.४८२०००.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १५ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका ४३ विद्यालयलाइ रु० ९७५७०००.०० वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो। विद्यालयको आन्तरिक श्रोतवाट तलव भत्ता भुक्तानी हुने गरी नियुक्त निजि शिक्षकलाइ नगरपालिकाले तलव भत्ता भुक्तानी दिने गरी अनुदान दिन मिल्ने देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **मु°अ°करमा दर्ता नभएकोसग खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैया भन्दा वढि रकमको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट मु°अ°कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थावाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले मु°अ°करमा दर्ता नभएका निम्न सप्लायर्सवाट पटक पटक गरी मसलन्द तथा कार्यालय सामाग्री खरिद भएको पाईयो। नगरपालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।<br><br>क्र°सं° / विवरण / रकम रु°<br>१ / मनकामना स्टेशनरी एण्ड सप्लायर्स / २३१४९९°००<br>२ / न्यु के°पी°स्टोर्स एण्ड सप्लायर्स / ५४६३१५°००<br>३ / थापा अर्डर एण्ड सप्लायर्स / १४१२४९°०० | |
| १७ | | | **हजार्ड भत्ताः**<br>उपचारमा प्रत्यक्ष संलग्न स्वास्थकर्मीलाई मासिक तलव वरावर रु°३७,८७०।- स्वास्थ्य संस्थामा कार्य गरेको दिनको आधारमा कार्यविधि अनुसार हजार्ड भत्ता भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले मेडिकल ल्याव टेक्नीसियन सरिता प्याठलाई मंसिर १ देखी ९ गते सम्म ९ दिन विदामा वसेको समयको रु°११,३६१।- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा पुरै महिनाको भुक्तानी गरेकोले उक्त विदामा वसेको समयावधीको भत्ता रकम असुल गर्नुपर्ने रु° | ११,३६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः**<br>पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस नगरपालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो। यस सम्बन्धी केही उदाहरण निम्नानुसारछन् ।<br>भौ.नं. मिति — विवरण — भुक्तानी रकम<br>३९-२०७७।६।२९ — स्टेशनरी खरिद — ५७९४६३.००<br>१६९-२०७८।३।१७ — कृषि प्राविधिकको तलव (वडा नं.१) — २२५०००.००<br>१७०-२०७८।३।१९ — स्वास्थ्य चौकिको औषधी खरिद (वडा नं.१) — ९९८७५.००<br>१७३-२०७८।३।२१ — पशु सेवा प्राविधिकको तलव (वडा नं. ३) — १३५०००.००<br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १९ | | | **रसिद नियन्त्रण खाताः**<br>नगरपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगदी रसिद नियन्त्रण खाता व्यवस्थित गरी राखेको पाईएन । गत वर्षको जिम्मेवारी रसिद थान. यो वर्ष छपाइ गरेको रसिद थान, यस वर्षको खर्च र बांकी रसिद थानको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्दछ । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नु पर्नेमा वैंक दाखिला विवरण तयार गरेको छैन । | |
| २० | | | **असुली गर्न बाँकी आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको ट्रिपर र जे.सी.बि भाडामा लगाएकोमा आर्थिक वर्षको अन्त्य सम्ममा विभिन्न व्यक्ति तथा संस्थावाट ट्रिपरको रु.३००००.०० र जे.सि.वी को रु.१५००००.०० समेत रु.१८००००.०० असुल हुन बांकी छ । उक्त रकम असुल गरी नगरपालिकाको संचित कोष दाखिला गर्नुपर्ने रु. | १८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कर तथा शुल्क असुलीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष विभिन्न शिर्षकमा रु.४२१६०१२.०० आम्दानी गरेको छ ।<br>नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २२ | | | **वढी भुक्तानीः**<br>जिल्ला प्रशासन कार्यालय अछामवाट प्रकाशित आर्थिक वर्ष २०७७।७८ को जिल्लादररेटमा **Hydraulic excavator** को प्रति घण्टा रु.३५७०.०० निर्धारण गरिएको छ । उक्त दरमा **Ownership charges, operation charges (fuel) component, crew component, maintennance component** समावेश हुने उल्लेख छ । सो अनुरुप गरिएको दर विश्लेषणमा कार्यालयले **Unskilled labour, Helper, operator, lubricant, fuel cost** समावेश नगरी दर विश्लेषण गर्नुपर्नेमा उल्लेखित आइटम समेत समावेश गरी दर विश्लेषण गरी सोही वमोजिम प्रति घ.मी को दर निर्धारण गरेको कारणले विभिन्न उपभोक्ता समितिलाइ देहाय वमोजिम वढी भुक्तानी भएको रु.५२४७८३४ मा उपभोक्ताको योगदान २० प्रतिशतले हुने रु.१०४९५६६.०० घटाइ खुद वढी भुक्तानी हुन गएको रु.४१९८२६७.०० असुल गर्नुपर्ने रु. | ४,१९८,२६७.२ |

| योजनाको नाम | कटिङ्गको विवरण | परिमाण | लिएको दररेट | लिनुपर्ने स्थानीय दररेट | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| वलाना विनिघाट सडकस्तरोन्नती | **Soft soil cutting** | २७३३ घ.मी | ७३.३१ | ४५.४६ | ७६११४ |
| | **Hard soil cutting** | २१८६ घ.मी | १०७.७६ | ६७.०४ | ८९०१३ |
| | **Hard rock cutting** | ५४६ घ.मी | ३६१.४४ | २२५.४६ | ७४२४५ |
| गैरीटाँड कुइकान्ना नाभी विनायक सडा | **Soft soil cutting** | ५९९३ घ.मी | ९३.७१ | ४५.४६ | २८९१६२ |
| | **medium rock cutting** | २३९७ घ.मी | १८२.१९ | १३०.५९ | १२३६८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **Hard rock cutting** | ३५९६ घ.मी | ३१४.३० | २२५.४६ | ३१९४६८ | | |
| | | | | स्यालढुंगा वनसेरा सडक | **Soft soil cutting** | ११४६३ घ.मी | ७१.९३ | ४५.४६ | ३०३४२५ | | |
| | | | | | **Hard rock cutting** | १०६० घ.मी | ३५५.१५ | २२५.४६ | १३७४७१ | | |
| | | | | दमाहा ढिक्मे सिलटाकुरा सडक | **Soft soil cutting** | ४३२९ घ.मी | ७१.९३ | ४५.४६ | ११४५८८ | | |
| | | | | | **medium rock cutting** | १४६९ घ.मी | २०५.८७ | १३०.५९ | ११०५८६ | | |
| | | | | | **Hard rock cutting** | ५११ घ.मी | ३५५.१९ | २२५.४६ | ६६२९२ | | |
| | | | | सृजना डाँडापानी वेलखेत सडक मर्मत | **Soft soil cutting** | ५१९३ घ.मी | ७३.२१ | ४५.४६ | १४४१०५ | | |
| | | | | | **Hard soil cutting** | ४१५४ घ.मी | १०७.७६ | ६७.०४ | १६९१५० | | |
| | | | | | **medium rock cutting** | १०४७ घ.मी | ३६१.४४ | १३०.५९ | २४१६९९ | | |
| | | | | स्याउलेखाद फेरेवाटा सडक निर्माण | **Soft soil cutting** | ५१४७ घ.मी | ७१.९३ | ४५.४६ | १३६२४१ | | |
| | | | | | **Hard rock cutting** | ३१७ घ.मी | ३५५.१५ | २२५.४६ | ४१११३ | | |
| | | | | कमल बजरा वजुडा चाल्सा सडक | **Soft soil cutting** | ५०७८ घ.मी | ६४.८६ | ४५.४६ | ९८५१३ | | |
| | | | | | **Hard soil cutting** | ५०७८ घ.मी | ९४.१९ | ६७.०४ | १३७८६७ | | |
| | | | | धमाली सडक निर्माण | **Soft soil cutting** | ९२३२ घ.मी | ७१.९३ | ४५.४६ | २४४३७१ | | |
| | | | | | **Hard rock cutting** | १३८८ घ.मी | ३५५.१९ | २२५.४६ | १८००६५ | | |
| | | | | कालीखोला स्याउले गाउँ वाहुखाल सडक | **Soft soil cutting** | ५६६१ घ.मी | ७१.९३ | ४५.४६ | १४०८४६ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **Hard rock cutting** | ४७६ घ.मी | ३५५.१९ | २२५.४६ | ६१७५१ | | |
| | | | | बागेश्वरी खेल मैदान निर्माण | **Hard soil cutting** | ५४८८ घ.मी | १०५.३० | ६७.०४ | २०९९७० | | |
| | | | | बजुरा घोडेढुंगा वयला वेलखेत सडक | **Soft soil cutting** | ४०३३ घ.मी | ६४.८६ | ४५.४६ | ७८२४० | | |
| | | | | | **Hard soil cutting** | ३०२४ घ.मी | ९४.१९ | ६७.०४ | ८२१०१ | | |
| | | | | | **medium rock cutting** | २०१६ घ.मी | १८२.१९ | १३०.५९ | १०४०२५ | | |
| | | | | | **Hard rock cutting** | ४०३ घ.मी | ३१४.३० | २२५.४६ | ३५८०२ | | |
| | | | | कपरनाउला नवदुर्गा प्रावि हुंदै रामताल सडक | **Soft soil cutting** | ४५३८४ घ.मी | ५७.६८ | ४५.४६ | ५५४५९२ | | |
| | | | | | **Hard soil cutting** | ५८१घ.मी | ८४.८६ | ६७.०४ | १०३५३ | | |
| | | | | | **medium rock cutting** | १७५५ घ.मी | १४३.३९ | १३०.५९ | २२४६४ | | |
| | | | | | **Hard rock cutting** | १५१७ घ.मी | २४७.३२ | २२५.४६ | ३३१६१ | | |
| | | | | जमुनाडाँडा वुढा उत्तिस सडक निर्माण | **Hard soil cutting** | ४३१३ घ.मी | ९३.७१ | ६७.०४ | ११५०२७ | | |
| | | | | | **medium rock cutting** | ५०७ घ.मी | १८२.१९ | १३०.५९ | २६१६१ | | |
| | | | | | **Hard rock cutting** | २५३ घ.मी | ३१४.३० | २२५.४६ | २२४७६ | | |
| | | | | फल्टाने-म्हुको-ध्यानेवस्ता सडक | **Soft soil cutting** | ६२४७ घ.मी | ७१.९३ | ४५.४६ | १६५३५८ | | |
| | | | | | **Hard rock cutting** | ४२८ घ.मी | ३५५.१५ | २२५.४६ | ५५५०७ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| फल्टाने सुनदेवी सडक | **Soft soil cutting** | ४००८ घ.मी | ७१.९३ | ४५.४६ | १०६०९१ |
| | **Hard rock cutting** | ८६५ घ.मी | ३५५.१५ | २२५.४६ | ११२१८१ |
| क्वालेख देखि वडा कार्यालयसम्म सडक निर्माण | **Soft soil cutting** | ३४५६ घ.मी | ७१.९३ | ४५.४६ | ९१४८० |
| | **Hard rock cutting** | ९४९ घ.मी | ३५५.१५ | २२५.४६ | १२३०७५ |
| जम्माः | | | | | ५२४७८३४ |
| उपभोक्ताको योगादान २० प्रतिशतले हुनेः | | | | | १०४९५६६ |
| वढी भुक्तानी | | | | | ४१९८२६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कर दाखिला**<br>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत कन्टिन्जेन्सी शीर्षकबाट प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी गर्दा कट्टि गरिएको कर लेखापरीक्षण अवधिसम्म पनि राजश्व दाखिला भएको नदेखिएकाले कट्टि गरिएको कर राजश्व दाखिलाको प्रमाण पेश हुनुपर्ने रु.<br>***कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु.८१६००।- मिति २०७८।८।१ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो*** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **विमाः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा वढीको निर्माण कार्य गराउंदा निर्माण कार्य, मेशिनरी औजार, कामदार लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउंदा सम्झौतामा विमा गराउने प्रावधान नराखी निर्माण कार्य गराई भुक्तानी दिएको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था विपरित विमा नगराइ निर्माण कार्य गराउनु हुंदैन । | |

| निर्माण कार्यको नाम | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|
| चाल्सा स्वास्थ्य चौकी भवन निर्माण | कृष्ण कन्स्ट्रक्सन | २८६९३०१.०० |
| ढाकु स्वास्थ्य चौकी भवन निर्माण | पवार विष्ट कन्स्ट्रक्सन | १७९९९९०.०० |
| जाल्पादेवी विद्यालय भवन शौचालय र फर्निचर | जाल्पादेवी निर्माण सेवा | ४०६५०५९.०० |
| वमानीथान र सोताखोला झो.पु को स्टिल डेक खरिद | वागेश्वरी सिद्वार्थ जेभी | ३९९३६८६.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पूर्व निर्धारित क्षतिपुर्तीः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी साधारण तया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ती दिनु पर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत सन्चालित देहायको योजना निर्माण व्यवसायीले सम्झौतामा तोकिएको म्यादमा सम्पन्न नगरेको र म्याद थप समेत नगरेकोले निजहरुवाट सम्झौता वमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु. | १२८,८४१ |

| निर्माण कार्यको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न मिति | पूर्व निर्धारित क्षतिपूर्ती रकम |
|---|---|---|---|---|---|
| ढाकु स्वास्थ्य चौकी भवन नि. | पवार विष्ट कन्स्ट्रक्सन | १५९१९१२.०० | ०७८।२।१५ | ०७८।३।१५ | २३८७८.०० |
| चाल्सा स्वास्थ्य चौकी भवन नि. | कृष्ण कन्स्ट्रक्सन | २५३९२०४.०० | ०७८।२।१५ | ०७८।३।११ | ३४२७९.०० |
| झोलुङ्गेपुलको स्टिलडेक खरिद | वागेश्वरी शिद्धार्थ जेभी | ३५३४२३६.०० | ०७८।२।१५ | ०७८।३।२४ | ७०६८४.०० |
| जम्माः | | | | | १२८८४१.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **वर्षान्तमा निकासाः**<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले २०७७।१२।३० मा पत्राचार गरे अनुसार यस नगरपालिकाका ११ विद्यालयलाइ भवन निर्माण गर्न रु.१८ लाखका दरले रु.१ करोड ९८ लाख र २ विद्यालयमा शिक्षामा नविन प्रविधि प्रवर्धन गर्न रु.६ लाख ५० हजारका दरले रु.१३ लाख समेत जम्मा रु. २ करोड ११ लाख निकासा भएकोमा विद्यालय भवन निर्माण गर्न विद्यालय उपभोक्ता समितिसंग जेष्ठको अन्तिममा सम्झौता गरी आषाढ २६ गते कार्य सम्पन्न प्रतिवेदन संलग्न गरी भुक्तानी गरेको छ । वर्षान्तमा हतारमा गरिएको निर्माण कार्यले कामको गुणस्तरमा प्रभाव पार्ने भएकोले निकासा दिने निकायले समयमै निकासा दिइ समयमै कार्य गराउने व्यवस्था हुनु पर्दछ भनी गत वर्षको प्रतिवेदनमा औंल्याउंदा समेत स्थिति यथावत रहेको छ । | |
| २७ | | | **अन्य निकायको खर्चः**<br>कार्यालयले स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमवाट यस कार्यालय भन्दा वाहिरका छुट्टै वजेट विनियोजन हुने कार्यालयका १४ कर्मचारीलाइ दैनिक भ्रमण भत्ता वापत रु.१२११००.०० खर्च लेखेको अनियमित रु. | १२१,१०० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **योजना हस्तान्तरणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समूदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भए पश्चात आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो वमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुंदा सोको रखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| २९ | | | **निर्माण कार्यको गुणस्तरः**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागी सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुंङ्गा र सिमेन्टको गाहो लगाउने तथा ढलान कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेन्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता परीक्षण कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ । | |
| ३० | | | **सार्वजनिक लेखापरीक्षणः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको संन्चालन र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा निहित रहने गरी सम्झौता गर्नुपर्नेमा अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुको सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
